दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३१८ | बुटवल | २०८२ मंसिर १२ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday November 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सामाजिक सुरक्षा नहुँदा समाजमा असन्तोष : शंकर



बुटवल । नेकपा एमाले महासचिव शंकर पोखरेलले समाजमा देखिएको असन्तोषको एउटा कारण सामाजिक सुरक्षाको प्रत्याभूति नहुँदाको परिणाम रहेको बताएका छन् ।

८औं सामाजिक सुरक्षा दिवसको अवसरमा नेपाल ट्रेड युनियन महासंघले आयोजना गरेको सामाजिक सुरक्षाः वर्तमान अवस्था र भावी कार्यदिशा विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले समाजमा देखिएको अराजकता, असहिष्णुताले देश, राष्ट्रप्रतिको लगाव कमजोर बनाउँदै लगेको बताए । त्यसलाई सुधार गर्ने सशक्त माध्यम सामाजिक सुरक्षा कार्यक्रम हुनसक्ने पोखरेलको भनाइ छ ।

'हाम्रो समाजमा जुन प्रकारको असन्तोष छ। त्यो असन्तोष पछाडिको कारण भनेको सामाजिक सुरक्षाको प्रत्याभूति नहुँदाको परिणाम पनि होला भन्ने म ठान्दछु ।

» बाँकी ३ पेजमा

## महरालाई धरौटीमा छाड्न आदेश

बुटवल । सुन तस्करीको आरोपमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वसभामुख कृष्णबहादुर महराबारे थप प्रमाण संकलन नगरी अभियोग गर्दा गरिएको उच्च अदालतले पाटनले उल्लेख गरेको छ ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय अर्जुनप्रसाद कोइराला र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको इजलासले महरालाई धरौटीमा छाड्न आदेश दिँदै उक्त व्यख्या गरेको हो । महरालाई २० लाख धरौटीमा छाड्न गरिएको आदेशमा मूल जाहेरीमा महराको नामै नभएको, पहिलो पुरक अभियोगमा पनि उनीबारे केही उल्लेख नभएको र अरु अभियुक्तले पनि नाम जोडेर आरोप नलाएको उल्लेख छ ।

चोरी पैठारी भएको भनिएको सुन समेत बरामद नभएको र अहिले पेश भएको पूरक अभियोगमा कुनै थप प्रमाण संकलन नगरी मुद्दा चलाएको भन्दै केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)को अनुसन्धानमै अदालतले प्रश्न उठाएको छ ।

» बाँकी ३ पेजमा

## विवाद समाधान गर्न देउवाको निर्देशन

बुटवल । नेपाली कांग्रेसको संस्थापन पक्षीय शीर्ष नेताहरूले सभापति शेरबहादुर देउवालाई निर्वाचनअघि महाधिवेशन गरिए पार्टीमा क्षति पुग्ने बताएका छन् । महाराजगञ्जस्थित सभापति देउवाको निवासमा बिहीबार भएको छलफलमा शीर्ष नेताहरूले प्रतिनिधिसभा निर्वाचनअघि नियमित महाधिवेशन गरिए पार्टीमा क्षति पुग्ने बताएका हुन् ।

महाधिवेशनको विषयमा देखिएको विवाद बढ्दै गएपछि सभापति देउवाले 'सात भाइ' का नामले परिचित पूर्वपदाधिकारीहरूलाई बोलाएर छलफल गरेका थिए । छलफलपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले निर्वाचनभन्दा अगाडि पार्टीको नियमित महाधिवेशन गर्न नहुने विषयलाई आफूहरूले सभापति देउवासँग गरेको जानकारी दिए ।

प्रवक्ता महतका अनुसार जवाफमा सभापति देउवाले आफू पनि यस विषयमा जानकार रहेको बताएका थिए । महतले सभापति देउवासँग कुनै ठोस निर्णय वा रणनीति तय गर्नेगरी संवाद भने नभएको बताए ।

सभापति देउवाले पूर्वपदाधिकारीहरूलाई पार्टीमा देखिएको पछिल्लो विवाद समाधान गरेर जान निर्देशन दिएका छन् ।

सभापति देउवासँगको छलफलमा सहभागी नेताहरू आगामी प्रतिनिधिसभा निर्वाचनपछि मात्रै पार्टीको १५औं महाधिवेशन हुनुपर्ने अडान राख्दै आएका छन् ।

## नागरिक अगुवाद्वारा राष्ट्रपतिको ध्यानाकर्षण

बुटवल । नागरिक समाजका अगुवाहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर निष्पक्ष निर्वाचनको तयारीसहित ८ विषयमा ध्यानाकर्षण गराएका छन् । गैरसरकारी संस्था महासंघ, नेपाल तथा नागरिक समाज प्रतिनिधिमण्डलका अध्यक्ष अर्जुनकुमार भट्टराईको नेतृत्वको टोलीले ९ विषयमा राष्ट्रपति पौडेलको ध्यानाकर्षण गराएको हो । भेटमा देशको वर्तमान राजनीतिक परिस्थिति, लोकतन्त्र तथा संवैधानिक मूल्यको रक्षा, नागरिक समाजको भूमिका र आगामी निर्वाचनको तयारी लगायतका विषयमा कुराकानी भएको छ ।

प्रतिनिधिमण्डलले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको निष्पक्ष छानबिन, लोकतन्त्र, संविधान र विधिको शासनको संरक्षण, तोकिएको समयमै निष्पक्ष निर्वाचन लगायतबारे राष्ट्रपति पौडेललेको ध्यानाकर्षण गराएको जारी विज्ञप्तिमा उल्लेख छ ।

नागरिक समाजमाथि नियोजितरूपमा भ्रम छर्ने, आरोपित गर्ने काम भइरहेको प्रतिनिधिमण्डलले नागरिक समाजलाई राज्यको साझेदारका रूपमा लिइनुपर्ने बताएको छ । यस्तै सुशासन, पारदशिर्शता, जवाफदेहिता र ठूला भ्रष्टाचारको निष्कर्ष, युवापुस्ताको आवाजलाई नीति निर्माणमा संस्थागत रूपमा समावेश गर्न, न्यायालय तथा संवैधानिक निकायप्रति सम्मान कायम राख्न र वर्तमान राजनीतिक संकट समाधानका लागि राष्ट्रिय संवाद संयन्त्र सक्रिय बनाउन राष्ट्रपतिलाई ध्यानाकर्षण गराएका छन् । राष्ट्रपतिलाई ध्यानाकर्षण पत्र बुझाउन जाने प्रतिनिधिमण्डलमा महासङ्घ सल्लाहकार डा. अर्जुन कार्की, शान्तलाल मुल्मी, सलोनी सिंह, निवर्तमान अध्यक्ष रामप्रसाद सुवेदी, उपाध्यक्ष राजेन्द्र शर्मा, महासचिव देवी खड्का, उप-महासचिव किरण थापा र सचिव जजराज शाही लगायतको सहभागी थिए ।

# आर्थिक क्षेत्रमा सुधार हुन्छ : अर्थमन्त्री




**लुम्बिनी संवाददाता**
*भैरहवा*

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले व्यवसायीहरुलाई सहज र सरलीकरण गर्ने काम भइरहेको बताएका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीमा बिहीबार भएको छलफल कार्यक्रममा बोल्दै अर्थमन्त्री खनालले आर्थिक क्षेत्र सुधारमा सरकारले ध्यान केन्द्रित गरेको बताए । 'यो सरकार निर्वाचन गर्नका लागि बनेको हो । हामीले फागुन २१ भित्रै निर्वाचन गर्न लागिपरेको छौं', उनले भने-'तर, छोटो समयमा भए पनि आर्थिक क्षेत्रमा सुधारका काम गर्छौं ।' उनले राजस्व चुहावट नियन्त्रणका लागि सरकारले भन्सारदेखि कर प्रशासनसम्म सुधारका काम गरिरहेको जनाए ।

औपचारिक व्यापारलाई संस्थागत गर्नका लागि भैरहवा भन्सारले जाँचपास परीक्षण कार्यालयको स्थापना गरी आर्थिक पारदर्शीताको सुरुवात गरेको बताउँदै उनले सबै व्यावसायी खराब नहुने भन्दै केही व्यवसायीका कारण समस्या आउने भन्दै व्यवसायी र सरकारको सम्बन्ध सुमुधुर हुनुपर्ने जनाए ।

भूमि व्यवस्थापन निमावली कार्यान्वयनमा रहेको भन्दै कृषिक्षेत्र तथा भूमि र जग्गा प्लटिङको नियमलाई व्यवस्थापन गर्न सरकारले सुरु गरेको छ । यस्तै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि व्यवासायीहरुले यसक्षेत्रमा अर्बौं लगानी विभिन्न क्षेत्रमा गरेको भन्दै यो विमानस्थल पूर्ण सञ्चालनमा आफूले सहजीकरण गरिरहेको र अब घर बसीबसी कम्पनी दर्ता र राजस्व भुक्तानीको व्यवस्था गर्ने कार्य गरेको भन्दै व्यवसायीहरुलाई सहज र सरलीकरण गर्ने व्यवस्थाका लागि छलफल भैरहेको अर्थमन्त्री खनालले जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले अहिलेको सरकारले सुशासनका लागि गरेको कार्यले उद्योगी व्यवसायी उत्साहित भएको बताए । उनले अर्थतन्त्र चलायमान बनाउनका लागि निजीक्षेत्रलाई संस्थागत गर्नका सरकारले सकारात्मक भूमिका खेल्नुपर्ने बताउँदै लुम्बिनी प्रदेशमा मात्र वार्षिक ३२ करोड वार्षिक चुरेबाट बगेर आउने गरेका, तर आन्तरिक प्रयोग १ करोड मात्र रहेको भन्दै यसलाई निकासीका लागि पहल गर्न आग्रह गरे ।

संघका अध्यक्ष संघ नेत्रप्रसाद आचार्यले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नहुँदा निजी क्षेत्रको लगानी जोखिममा परेको भन्दै सरकारले तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरे । व्यवसायीहरूले वस्तु निकासीमा स्पष्ट नीति नहुनु, भन्सार नाकामा फरक-फरक नियम लागू हुनु, ओभरलोडको नाममा हुने जरिवाना, उच्च बैंक व्याजदर तथा अनुदान कटौतीका कारण निर्यातमुखी उद्योग प्रभावित भएको उल्लेख गरे ।

चोरी-तस्करी बढेकाले वैध व्यापार कमजोर बन्दा राजस्वमा समेत असर परेको बताउँदै सीमाक्षेत्रमा कडाइ, व्यवसाय नवीकरण तथा कर प्रक्रियामा डिजिटल प्रणाली लागू गर्न माग गरे ।

भन्सार विभागमा महानिर्देशक श्यामप्रसाद भण्डारीले भन्सार, व्यवसायी र ग्राहक मिलेर काम गर्ने हो भन्दै चोरी तस्करी नियन्त्रणमा सवै एकजुट भएर काम गर्नुपर्ने बताए । उनले खुल्ला नाका भएको कारण चोरी तस्करीलाई नियन्त्रण गर्नका लागि भन्सार भित्रबाट निकासी पैठारी गर्न आग्रह गरे ।

राजस्व अनुसन्धान विभागमा महानिर्देशक तिर्थ चिलुवालले उद्योगी व्यापारीको कुनै समस्या भएमा आफूलाई खबर गर्न आग्रह गर्दै व्यवसायीमैत्री वातावरण श्रृजना भएको बताए । उनले नक्कली बिलबिजकको भयाभह अवस्था रहेको बताउँदै त्यसलाई सुधार गर्ने पक्षमा लागेको बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले नेपालको आर्थिक हबको रुपमा विकास भएको जिल्ला भएको बताए । उनले भैरहवा भन्सार कार्यालयले निर्माण गर्दै गरेका आइसीपीमा रेलवेको कन्टेक्टिभिटि नभएको हुँदा यसका लागि पहल गर्न आग्रह गरे ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स लुम्बिनी अध्यक्ष टंकप्रसाद पोखरेलले देशले अर्थतन्त्र बुझेको अर्थमन्त्री पाएको समयमा निजी क्षेत्रमैत्री निर्णयहरु गरी आगामी सरकारलाई समेत मार्गनिर्देशन गर्नुपर्ने बताए ।

सरकारका अव्यवहारिक ऐन कानुन र झन्झटिलो प्रकृयाका कारण उद्योग र व्यवसायमैत्री वातावरण नबनेको भन्दै सरकारी संस्था र निकायहरुमा थुप्रिएको अर्बौं रकम उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने माग गरे । खुला सीका कारण हुने अवैध आयात र तस्करी रोक्न प्रहरी परिचालन गरेर मात्र सम्भव नहुने भन्दै पोखरेलले सिसिटिभीलगायत प्रविधिको प्रयोगबाट निगरानी गरेर मात्र रोक्न सकिने अर्थमन्त्रीलाई सुझाव दिए ।

नेपाल विद्युत् प्राधिकरणले विद्युत्को व्यापार गरेकाले निजी क्षेत्रलाई सम्मानजनक व्यवहार गर्नुको साटो ट्रंकलाइन र डेडिकेटेडका नाममा दुःख दिने र बद्नाम गर्ने काम तत्काल रोक्नुपर्ने उनको माग छ ।

व्यवसायी रवि रौनियारले अहिलेसम्म नक्कली बिलबिजक परीक्षण गर्ने संयन्त्र तयार नभएकाले धेरै जना समस्यामा परेको बताए । पर्यटन व्यवसायी सञ्जय बजिमयले बुद्ध जन्मस्थल लुम्बिनीका लागि प्रवेश बिन्दुका रूपमा रहेको बेलहिया नाकाको सुधार गर्न माग गरे ।

उद्योगी उज्ज्वल कसजुले विशेष आर्थिक क्षेत्र (सेज) का उद्योगले गरेका उत्पादनको निर्यातमा सहजीकरण गरिदिन माग गरे ।

सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कुलप्रसाद न्यौपाने नयाँ युवापुस्तालाई नेपालमा रोजगार प्रदान गर्न नसक्दा विदेश पलायन भैरहेको भन्दै यसलाई रोक्न सरकारल पहल गर्नुपर्ने माग गरे ।

व्यवसायी महेन्द्रकुमार श्रेष्ठले व्यवसायीहरुलाई २ करोडसम्मको भ्याटको थ्रेसहोल्डको सीमा तोक्नुपर्ने भन्दै सरकार व्यवसायी मैत्री हुनुपर्ने माग गरे ।

युवा उद्यमी हरिष सेठियाले जेनजी आन्दोलनमा निजी क्षेत्रमाथि अनाहकमा भएको आक्रमण र क्षतिले उद्योगी व्यवसायी निरास भएको गुनासो अर्थमन्त्रीलाई व्यक्त गरे ।

उद्योगी चन्द्रमान श्रेष्ठले ट्रकलाइनको बक्यौताका नाममा अन्याय भएको बताए । कुनै माग र आपूर्ति विनै ट्रंकलाइनको जबरजस्ती शुल्क तिर्न बाध्य पारेको उनले बताए ।

उद्योगी बसन्त रोक्काले देशमा बाँझै रहेका जग्गालाई खयर, सल्लोलगायत रुख रोपेर विदेश निर्यात गर्न सक्ने वस्तु उत्पादनमा सरकारले पहल गर्नुपर्ने बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विष्णुप्रसाद शर्माले नेपालमा सुरक्षा छैन भन्ने सन्देश अन्तर्राष्ट्रिय क्षेत्रमा पुगेको भन्दै यसलाई चिर्न सरकारले पहल गर्नुपर्ने बताए ।

कार्यक्रममा सिद्धार्थनगर, तिलोत्तमा र बुटवलका उद्योगी-व्यवसायीको सहभागिता थियो । अर्थमन्त्री खनालले बिहीबार बिहान बेलहिया नाकामा रहेको आइसीपीलगायत औद्योगिक क्षेत्रको निरीक्षण गरेका थिए ।

## भीरकोटको 'देउपूजे ढुङ्गा' पर्यटकीय क्षेत्र



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिका वडा नं.-३ भतेरपाटास्थित 'देउपुजे ढुङ्गा' पछिल्लो समय पर्यटकीय क्षेत्र बन्दै गएको छ । नगरपालिकाले नगर क्षेत्रका पर्यटकीय क्षेत्रमा नाम समाबेश गरेपछि धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्व बोकेको 'देउपुजे ढुङ्गा' पर्यटकीय क्षेत्र बन्दै गएको हो ।

परापूर्व कालमा केपुल ढुङ्गाको नाउँले स्थानीयमा परिचित उक्त धार्मिक तथा पर्यटकीय स्थलबाट स्याङ्जासँगै तनहुँ, कास्की, पर्वत र पाल्पाका मनोरम दृश्यको दृश्यावलोकन गर्न पाइन्छ । ठुलो सामुदायिक वनको काखमा रहेको देउपूजे ढुङ्गाबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमश्रृंखला १८० डिग्रीमा सहजै अवलोकन गर्न सकिन्छ ।

स्थानीयले देउपुजे ढुङ्गालाई शिवलिङ्गको स्वरुपमा पुजाअर्चना गर्दै आएका छन् । नगरपालिकाको सहयोगमा देउपुजे ढुङ्गाको काखमा शिवको मन्दिर निर्माण गरिएको छ । पर्यटकको आकर्षण बन्दै गएको मन्दिर परिसरमा बालाचतुर्दशीमा सत्बिज छर्न श्रद्धालु भक्तजनहरूको भीड लाग्ने गरेको स्थानीय शिक्षक केश सार्कीले जानकारी दिए । बालाचतुर्दशीमा भीरकोट, वालिङ र पुतलीबजार नगरपालिका र आसपासका स्थानीयहरू सत्बिज छर्न आउने गर्दछन् ।

भतेरपाटा र आसपासका क्षेत्रमा लामो समयसम्म खडेरी परेमा स्थानीयहरू भेला भएर बाजा बजाएर ढुङ्गाको पूजा गर्दै भगवानसँग पानी माग्ने प्रचलन रहेको थियो ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रधानमन्त्रीमाथि उठेको प्रश्न

प्रधानमन्त्री सुशीला कार्कीको सुशासनमा अब्बल छवि छ, उनी यही बलमा प्रधानमन्त्री हुन सफल भइन् । पूर्वप्रधानन्यायाधीश कार्कीले संविधानको पालनामा जति चर्को कुरा गरिन्, संविधान बाहिरबाट प्रधानमन्त्री बन्दा समेत धेरैले उनको बोली र व्यवहारमा देखिएको फरकप्रति त्यति विरोध भएन्, त्यसको कारण हो, सुशासनप्रति उनले बनाएको छवि । तर यही छविलाई धुमिल बनाउने प्रयास उनको सचिवालयबाट हुँदा उनी दोषीलाई कारबाही गर्नुको साटो बचाउने प्रपञ्च गरिन् । स्वकीय सचिव आर्दश श्रेष्ठ विवादित बन्दा उनलाई कारबाही गर्नुको साटो उनको भूमिकामाथि प्रश्न उठाउनेहरुलाई कारबाही गरिन् ।

प्रधानमन्त्री कार्कीले २० सदस्यीय सचिवालय संख्या कटौती गरेर ६ जनामा झारिन् । सचिवालय संख्या कटौती स्वभाविक रुपमा सकारात्मक कदम हो, तर कारबाही हुनुपर्ने पात्रलाई काखी च्यापेर सचिवालय कटौती गर्नुले उनको अब्बल विरासत धुमिल बनेको छ । प्रमुख स्वकीय सचिव श्रेष्ठले सचिवालयमा श्रीमती संगिता श्रेष्ठ र अन्य आफन्तलाई नियुक्ति दिने गल्ती गरेका थिए । यो विषयमा प्रश्न उठेपछि प्रधानमन्त्रीले प्रमुख स्वकीय सचिवलाई कारबाही गर्नुपर्ने हो । शून्य सहनशिलताको नीतिलाई व्यवहारमा उतार्ने हो भने अहिले प्रमुख स्वकीय सचिव श्रेष्ठ कारबाहीमा पर्नुपर्ने हो । सचिवालयमा नातागोता भरेर श्रेष्ठले जुन बदमासी गरे, त्यो बदमासीलाई प्रधानमन्त्रीले आँखा चिम्लिनु निन्दनीय छ । झट्ट सुन्दा प्रधानमन्त्रीले सचिवालयको संख्या कटौती गरेर सकारात्मक सन्देश दिएकी छन्, यो गर्नैपर्ने काम हो । प्रधानमन्त्रीको सचिवालय चुस्त बनाउन विगतदेखिनै सुझाव आएको हो । विगतको भद्दा सचिवालयलाई सानो संख्यामा झारेर तत्कालीन प्रधानमन्त्री केपी ओलीले सकारात्मक सन्देश दिएका थिए । अहिले त्यो संख्या अझै घटेको छ । तर संख्या घटाएर कमजोरी गर्नेलाई उन्मुक्ति दिइएको छ । कारबाहीको निशानामा पर्नुपर्ने व्यक्तिलाई उन्मुक्ति दिनका लागि संख्या घटाएर विरोधको स्वर मत्थर बनाइएको छ ।

जुन आन्दोलनको बलमा कार्की प्रधानमन्त्री बनिन्, तिनै आन्दोलनका पात्रहरुलाई सचिवालयमा नराख्ने जुन व्यवस्था गरिन्, यसले उनको भूमिकाप्रति प्रश्न उठाएको छ । जेनजी आन्दोलनको प्रतिनिधिको रुपमा सचिवालयमा कार्यरत प्रदीप ज्ञवाली र आकृति घिमिरेलगायतलाई सचिवालयमा नरहने व्यवस्था मिलाएर आन्दोलनको भावनामाथि प्रहार भएको छ । उनीहरुले प्रमुख स्वकीय सचिव श्रेष्ठको गलत व्यवहारको आलोचना गरेका थिए । प्रधानमन्त्री साँच्चिकै सुशासनमा अब्बल छवि जोगाउन चाहेकी हुन् भने विवादित प्रमुख स्वकीय सचिवलाई बर्खास्त गर्नुपर्छ । स्वच्छ छविको व्यक्ति सचिवालयमा राख्नुपर्छ ।

# डिजाइनमा दलहरूको फुट र जुट



**विन बहादुर कुँवर**

नेपालमा गराइएको जेनजी आन्दोलन र यसको परिणामबाट बनेको वर्तमान सुशीला कार्की नेतृत्वको नागरिक सरकारले गर्ने भनेको संसदीय निर्वाचनको सरगर्मी बढ्दो छ । अर्थात् धमाधम नयाँ-नयाँ दल निर्माण हुँदै निर्वाचन आयोगमा दर्ता भइरहेका छन् । स्वयं पुराना दलहरुमा पनि टुट फुट र जुट अर्थात् पार्टी विभाजन र एकता पनि तीब्र रुपमा भइरहेको छ । कांग्रेस-एमाले टुटफुटका लागि अन्तिम डिलमा पुग्दैछन् । यता प्रचण्ड नेतृत्वको एमाओवादी र माधव नेपाल नेतृत्व नेकपा (एस) बीचमा पार्टी एकता भएको भनिए पनि एकताभन्दा बढी टुटफुट अर्थात् विभाजन भएको स्थितिमा छ ।

नेपालमा मात्रै होइन यस्ता दलीय टुटफुट र एकता विश्वका अन्य मुलुकमा पनि हुने गरेको छ । यस अर्थमा यो कुनै नयाँ कुरा भएन । नेपालको सन्दर्भमा त झनै नयाँ नै भएन । घण्टा घण्टामा फुट हुन्छ अनि घण्टा घण्टामा दलीय एकता र समीकरण हुन्छ । जस्तो उदाहरण कसले सोचेको थियो र भनेको थियो नेकपा (माओवादी) र नेकपा (एमाले) बिचको एकीकरण त्यसमा पनि केपी ओली र प्रचण्डबिचको त्यो एकता । अनि फेरि कसले सोचेको थियो केही वर्षभित्र नै एमाले माओवादी अनि माधव, झलनाथ आदिहरुबिचको फुट र अहिले फेरि प्रचण्ड माओवादी र माधव समाजवादीबिचको पार्टी एकता ।

न हिजो यी दलहरुबिचको एकता राजनीति विचार र सिद्धान्तमा आधारित थियो न पछि फुटमा साथै अहिलेको एकतामा पनि । खाली आ-आफ्नै व्यक्तिवादी अहंकार र पद, प्रतिष्ठा कुर्सीकै लागि मात्रै थियो । हुन त यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता नै यस्तो हो त्यहाँ जसले पनि देश र जनताको हितका लागि होइन आफ्नै व्यक्तिगत स्वार्थ, पद, प्रतिष्ठा, कुर्सी र बढी आ-आफ्नै गुटका लागि गरिने राजनीति ।

यो खाली कम्युनिष्ट भनौदाहरुका लागि मात्रै नभएर आफूलाई खाटी लोकतन्त्रवादी भन्दै आएको नेपाली कांग्रेसका लागि पनि हो । कांग्रेस पार्टीको स्थापना र जन्म नै संवैधानिक राजतन्त्र र कथित लोकतन्त्रका लागि नै थियो । कांग्रेस पार्टीमा प्रमुख स्थापित नेता वीपी कोइरालाले पटक-पटक यो कुरालाई आधारभूत पार्टीको राजनीतिक लाइन नै हो भनिरहे । यतिसम्मकि उनले आफ्नो गर्धन घाँटी र राजाको गर्धन घाँटी एउटै हो । देशमा राजा नरहे कांग्रेस अर्थात् प्रजातन्त्र रहन्न त्यस्तै कांग्रेस नरहे देशमा राजतन्त्र रहन्न । त्यसैले अहिले देशमा राजतन्त्र राजा छैन कांग्रेस पनि छैन ।

त्यो बीपीको पुरानो राजनीतिक विचारलाई अहिले कांग्रेसले परित्याग गरेको छ । त्यही भएर कांग्रेसले कहिले माओवादी प्रचण्डलाई बोकी हिडेको छ भने कहिले एमाले ओलीलाई । अन्ततः कांग्रेसी यही राजनीतिक नीति र लाइनले सिद्धिन लागिसकेको छ । कांग्रेसी बुई चढेर केही समय माओवादी प्रचण्डले र यो अन्तिम समय एमाले ओलीले मोजमस्ती गरे । कांग्रेस हेरेको हेरै । जेनजीको पिटाई र मार अनि आगलागी र लुटपाटमा कांग्रेसी सभापति शेरबहादुर देउवा र उनकी श्रीमती आरजु राणा देउवा परिन् । यो स्वाभाविक छ जस्तो कर्म त्यस्तै फल ।

अहिले जेनजी आन्दोलनको सबभन्दा ठूलो असर देशका पूर्व ठूला दल भनिएका कांग्रेस-एमाले र माओवादीलाई परेको छ । प्रचण्ड माओवादी त नाम निशाना नै सकिसकेको छ । माओवादी विचार-सिद्धान्त र राजनीति सबैलाई परित्याग गर्दै खाली नेकपाको नाममा यही दलाल पुँजीवाद त्यसमा पछि अझ अहिले जेनजी आन्दोलनलाई समर्थन गर्ने नाममा साम्राज्यवादीहरुको दलालीमा पुगेका छन् । कांग्रेसभित्र पनि यसैमा मारामार छ । एमालेभित्र पनि त्यस्तै छ । यी सबै दलहरुमा कुनै न कुनै रुपले विदेशी शक्ति अर्थात् साम्राज्यवादी र विस्तारवादीहरुको घुसपैठ हुँदै आएको छ । अहिलेसम्म पार्टीका मुख्य संस्थापक नेता र गुटसित मात्रै चलखेल हुँदै आएको त्यो वैदेशिक शक्ति यसपालि भने त्यसको विरुद्धमा जेनजीलाई अघि सार्‍यो । जेनजीले आन्दोलन, तोडफोड र आगजनी सबै गरे । सरकार नै ढाले । तर नयाँ सरकार बनाउन सकेनन् । आखिर नागरिक सरकारको नाममा वैदेशिक सहयोग प्राप्त एनजीओ र आइएनजीओको सरकार बन्यो । तर जेनजी आन्दोलन अनुरुप यो सरकारले काम गर्न सकेन ।

सरकार रहने आज हो कि भोलि । स्वयं जेनजीहरु नै यो सरकारविरुद्ध उत्रिन थालेका छन् । आफ्ना पहिलेका अर्थात् भ्रष्टाचारीविरुद्ध तत्काल कारबाही पूर्व प्रम केपी ओली, गृहमन्त्री रमेश लेखक लगायत तत्कालीन आरोपित प्रहरी तथा सरकारी प्रशासनका अधिकारीहरुमाथिको कारबाही साथै संविधान संशोधन गरी प्रत्यक्ष राष्ट्रपति वा प्रधानमन्त्रीको निर्वाचनको माग आदि पूरा नभएसम्म निर्वाचन सम्पन्न नहुने भनी सरकारलाई ज्ञापन पत्र दिइरहेका छन् । यसरी वर्तमान यो सरकार घर न घाट अर्थात् न जेनजीको न पुराना दलको । अलपत्रमा छ । तैपनि आगामी फागुन २१ गते हुने भनिएको आम निर्वाचनको बारेमा व्यापक प्रचारप्रसार गरिरहेको छ । हुनतः धेरै भुक्ने कुकुरले टोक्दैन ।

देशका प्रायः सबै दल संघ संस्थाहरु जेनजी आन्दोलनका अगाडि पूर्णरुपले आत्मसर्पण गरिसकेका छन् । जेनजीको गुनगान । सुशीला कार्की नेतृत्व सरकारको दलाली । जेनजी पुस्तालाई प्राथमिकता दिने नाममा पार्टी संरचनामा हेरफेर आदि भइरहेको छ । यसमा डा. बाबुराम भट्टराई अनि प्रचण्ड अग्रपंक्तिमा छन् । पछि अहिले नेपाली कांग्रेस पनि त्यसैमा लतारिदै छ । नत्र भने कुन आधारमा यो सरकार बनेको र कुन अधिकारले संसद विघटन र संसदीय सदनको निर्वाचन ? वर्तमान चालु भनिएको संविधान अनुरुप यो केही पनि हुन सक्दैन । आखिर १० वर्षे जनयुद्धको जगमा २०६२।०६३ सालको जनआन्दोलनको बलमा बनाइएको भनिने यो संविधानको पनि धज्जी यिनै पुराना दल र दल नेताहरुले नै उठाइरहेका छन् ।

खाली नेकपा एमाले मात्रै यो सरकारको विकल्पमा संसद पुनर्स्थापनाको माग गर्दै आइरहेको छ । हुन त यो पनि एमालेको साम्राज्यवादी र विस्तारवादीहरुसँगको एक प्रकारको बार्गेनिङका लागि पनि हो । ओलीको मुख्य बार्गेनिङ आफूमाथि तत्काल कुनै कसुरमा गिरफ्तार गरी मुद्दा नचलाइयोस् भन्ने नै हो । एक प्रकारले त्यो पूरा पनि भइसकेको छ । हिजो प्रधानमन्त्रीले राजीनामा दिएर मात्रै कहाँ पुग्छ गिरफ्तार गरी मुद्दा चलाई जेल हाल्नुपर्छ भन्ने सुशीला कार्की पछि प्रधानमन्त्री भएपछि त्यो केपी ओलीलाई छुट दिइसकेकि छन् । यतिसम्मकि अहिलेसम्म भाद्र २३ र २४ गते भएको हत्या-हिंसा र तोडफोडको विषयमा ओलीलाई आयोगले सामान्य सोधपुछ बयान केही पनि लिन सकिरहेको छैन । आखिर ओली र सुशीला कार्कीबिचको यो द्वन्द्व मैले कुटे जस्तै गर्छु त रोएझैं गर भन्ने बहानाबाजी मात्रै भएको छ । प्रतिनिधिसभाको पुनर्स्थापना माग गरे पनि अन्ततः अहिले एमाले फागुन २१ को त्यो कथित निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गराइसकेको छ ।

अब माओवादी पार्टीमा भन्दा पनि अरु व्यक्तिगत रुपमा प्रचण्डकै विरुद्धमा उत्रिएका माओवादी नेता जनार्दन शर्मा र राम कार्की बारेमा केही कुरा गरौं । यसभन्दा पहिलेको एउटा लेखमा मैले एमालेका पूर्व नेता भीम रावल प्रचण्ड-माधव नेतृत्वको नेकपामा प्रवेशलाई ताप्केको माछो भुङ्गामा भनी लेखेको थिए । ठीक त्यही फेरि माओवादीका नेता जनार्दन शर्मा र राम कार्कीले पनि गरेका छन् । जसरी भीम रावल ओलीको आक्रोशमा नेकपा प्रवेश गरे त्यसरी नै जनार्दन र राम कार्की प्रचण्डको आक्रोशले बाबुराम भट्टराईको शरणमा पुगे । जबकि हिजो १० वर्षे जनयुद्धकालदेखि नै बाबुरामको सबभन्दा चर्को विरोध गर्नेमा जनार्दन शर्मा नै थिए ।

तर अहिले फेरि किन र के का लागि बाबुरामसँग गाँसिन पुगे ? कारण धेरै हुन सक्छन् ती मध्ये एउटा कारण सत्ता र कुर्सी प्राप्त । भनिन्छ, अब सुशीला कार्कीको असफलतापछि यो सत्ता समाल्ने जिम्मा बाबुरामले पाउँदैछन् । जेनजीहरुप्रतिको बाबुरामको बढ्दो मोह पनि यसैमा आधारित छ । यसरी अब एकपछि अर्कोलाई उपयोग साम्राज्यवादी र विस्तारवादीहरुले गर्दैछन् । एनजीओवादीबाट जे गर्नु पर्दथ्यो त्यो नभए पछि आफू निकट दलीय नेताहरुबाट नै आफू अनुरुप केही हुन्छ कि भनी यस्ता अनेक उपाय साम्राज्यवादी र विस्तारवादीहरुले सोच्दैछन् । आखिर पार्टी जुट र फुट यिनीहरुकै डिजाइन हुने गरेको छ ।

अन्त्यमा म फेरि भन्छु- ताप्केको माछो भुङ्गामा भने जस्तै जो कोही दलका नेता तथा कार्यकर्ताहरुले पुराना सबै संसदवादी दलहरु परित्याग गरेर पुनः अर्का त्यस्तै दलहरुमा प्रवेश गर्दा वा बनाउँदा ठूलो धोका हुनेछ । जस्तो माथि भनियो भिम रावल एमाले छोडी नेकपा त्यस्तै जनार्दन शर्मा, राम कार्की माओवादी छोडी बाबुराम भट्टराईमा । आखिर ओली-प्रचण्ड-माधव र बाबुराम सबैमा फरक के छ र ? सबै सामन्ती दलाल र नोकरशाही बुर्जुवा । खाली रक्सी उही, तर बोत्तल मात्र फरक । त्यसैले यी सबै दल र दल नेताहरुको विकल्पमा सच्चा क्रान्तिकारी पार्टी र नेता बन्न र बनाउन अग्रसर होऊ ।

# नेप्से परिसूचक १०.४३ अङ्कले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बिहीबार १० दशमलव ४३ अङ्कले बढेर दुई हजार ६७६ दशमलव शून्य तीन बिन्दुमा कायम भएको छ । यो शून्य दशमलव ३९ प्रतिशतको वृद्धि हो ।

३३३ कम्पनीको एक करोड ४६ लाख ९३ र हजार ८०७ कित्ता शेयर खरिदबिक्री हुँदा रु छ अर्ब ६६ करोड २३ लाख ८३ हजार १४३ दशमलव ४७ को कारोबार भएको नेप्सेले जनाएको छ । १३१ कम्पनीको मूल्य बढ्दा १२१ को खटेको छ भने छ कम्पनी स्थिर छन् ।

सागर डिष्ट्रिलरी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोबारमा हिमस्टार उर्जा कम्पनी लिमिटेडका लगानीकर्ताले सबैभन्दा बढी सात दशमलव ७८ प्रतिशतले गुमाएका छन् । व्यापार समूह शून्य दशमलव १४, वित्त शून्य दशमलव ३८, माइक्रोफाइनान्स शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २६ र अन्य शून्य दशमलव शून्य पाँच प्रतिशतले घटेका छन् ।

साथै बैंकिङ समूह एक दशमलव ४९, होटल तथा पर्यटन शून्य दशमलव ३२, विकास बैंक शून्य दशमलव १७, लगानी शून्य दशमलव ८३, जीवन बिमा शून्य दशमलव १४, निर्जीवन बिमा शून्य दशमलव १० र हाइड्रोपावर शून्य दशमलव शून्य एक प्रतिशतले बढेका छन् ।


# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**दुम्कीबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

**स्था: २०७३**

# आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति: २०८२/०८/१२**

उपरोक्त विषयमा यस कार्यालयको तपसिल बमोजिमको ठेक्कामा तपसिल बमोजिम परेका प्रस्तावहरुमध्ये तपसिल बमोजिमका बोलपत्र दाताहरुको प्राविधिक प्रस्ताब मूल्यांकनमा उत्तीर्ण भएकोले निजहरुले पेश गरेको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (५) बमोजिम मिति २०८२/०८/१९ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले उक्त कार्यमा उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| S.N. | IFB No: | Procurement Title: | Bidders Name | Address |
|---|---|---|---|---|
| 1 | 02/BTRM/NCB/Works/2082-083 | Administrative building construction project of Binayi Tribeni Rural Municipality Nawalparasi | JV Name: NNS/JANA AADARSHA J.V, Lead: NCNrimansewa, Sub: Jana Aadarsha Nirman Sewa | Pokhari chauri 3 kavre |
| | | | JV Name: SHUVASHREE-RADICALB. P J.V., Lead: Shuvashree Construction Company Pvt.Ltd., Sub: Radical Construction Pvt.Ltd, Sub: B P Construction | Kathmandu Banasthali-16 |
| | | | BANJARA & COMPANY PVT. LTD | Swayambhu-15, Kathmandu |
| | | | JV Name: Habitat/Ramaniya J.V. Kathmandu, Lead: Habitat Construction Engineers Pvt. Ltd., Sub: Ramaniya Rubi Valley Construction pvt ltd | Battisputali, Kathmandu |
| | | | B.M. Construction Pvt. Ltd. | Bidur-1,Nuwakot |
| | | | Natural Furnishing and Construction Pvt. Ltd.- | Kirtipur-1, Kathmandu |
| | | | JV Name: Maa Gayatri-Slate J/V, Lead: Maa Gayatri Nirman Sewa, Sub: Slate Construction &Suppliers (P) Ltd | Si.Na.Pa.-13, Bhairahawa Rupandehi |

**प्रमुख प्रशासकीय अधिकृत**

# घोराही–तुलसीपुर खण्डमा चार लेनको सडक निर्माण सुरु

दाङ । लामो प्रतिक्षापछि घोराही-तुलसीपुर चार लेन सडक निर्माण सुरु भएको छ। छ वर्षअघि सडक कालोपत्र गर्नेगरी ठेक्का लागे पनि ठेकेदार काम नगरी अलपत्र छोड्दा रोकिएको हो।

सडक अलपत्र परेपछि आवतजावतमा समस्या, सवारीसाधन सञ्चालनमा सास्ती हुनुका साथै सवारी दुर्घटना पनि बढिरहेको थियो । अहिले सडक निर्माणका लागि श्री दिवा-बन्दना भगवती जेभिसँग ठेक्का सम्झौता गरेपछि यही मङसिर १ गतेदेखि घोरही उपमहानगरपालिका-१० अम्रईबाट काम सुरु गरिएको छ। घोराहीको डिके पेट्रोल पम्पबाट तुलसीपुरको हात्तीखौवासम्म चार लेन बनाउने गरी सम्झौता भए पनि पहिलो चरणमा अम्रइगुर्जे खोलाबाट काम सुरु गरिएको कम्पनीका सम्झौता प्रबन्धक सुनिल ढुङ्गानाले बताए । उनका अनुसार सुरुमा दुई वटा जेसिबीले काम सुरु गरेकामा अहिले सवारीसाधनको प्रयोग पनि बढाइएको छ।

आगामी एक सातापछि आवश्यकताअनुसार मजदुरसमेत थप गरिने प्रबन्धक ढुङ्गानाले जानकारी दिए। "यथाशीघ्र काम सक्ने गरी अगाडि बढिरहेका छौं। सम्झौता मिति भन्दाअघि सक्ने हाम्रो लक्ष्य छ", उनले भने-"सोहीअनुसार हामीले काम अघि बढाएका छौं।" अहिले माटो 'फिलिङ्ग' गर्ने र झाडी फाल्ने काम भइरहेको भन्दै माटो फिलिङ भएसँगै रोलिङ गरेर ग्राभेल राख्ने काम हुने उहाँले जानकारी दिए।

उक्त सडकको २१ किलोमिटरमा कालोपत्र हुने जिल्लास्थित सडक डिभिजन कार्यालयले जनाएको छ। चौडाइ चार लेनको हुनेछ। बीचबीचमा मेडिएन र दुवैतर्फ दुई/दुई लेनको हुने उनले बताए। "बजार क्षेत्रमा फुटपाथसहितको चार लेन हुनेछ, भने अन्य स्थानमा चार लेन मात्रै हुनेछ।"-उनले भने।

स्तरोन्नतिका क्रममा सडकको पूरै कालोपत्रको माथिल्लो भाग हटाइनेछ। दुवैतर्फ कटिङ भएको क्षेत्रमा आवश्यक मोटाइमा फिलिङ गरेपछि मात्रै कालोपत्र गर्न सुरु हुने निर्माण कम्पनीको भनाइ छ। चार लेनमा निर्माण गरिने सडकमा कामको सहजताका लागि बेलझुण्डी रङ्गशालाको उत्तरतर्फ रहेको नेपाल संस्कृत विश्वविद्यालयको जग्गामा अस्थायी क्रसर स्थापना गर्ने, पानीका लागि डिपबोरिङ खन्ने, सम्पर्क कार्यालय स्थापन गर्नेलगायत काम भइसकेको सम्झौता प्रबन्धक ढुङ्गानाले जानकारी दिए । सडक सुधार आयोजनाको मदनभण्डारी राजमार्ग परियोजनाअन्तर्गत ठेक्का सम्झौता भएको थियो। निर्माणको प्राविधिक जिम्मा सडक डिभिजन कार्यालय दाङले पाएको छ । सोही सडकको चौडाइ ३० मिटरको हुनेछ। सडक अस्फाल्ड प्रविधिबाट कालोपत्र हुने कार्यालयका प्रमुख दीपेन्द्रबहादुर विष्टले बताए । "ढुङ्गा, गिट्टी र बिटुमिनतार मिसाएर कालोपत्र गरिनेछ। यसले सडकलाई थप मजबुत बनाउनेछ। सम्झौता भएको मितिले ३६ महिनामा सक्नेगरी कामलाई तीव्रता दिन ताककेता गर्दै जानेछौं।"-उनले भने।

गत २४ असारमा श्री दिवा-बन्दना भगवती जेभीसँग सडक स्तरोन्नतिका लागि सम्झौता भएको थियो। भ्याटबाहेक रु दुई अर्ब २४ करोड ५६ लाखमा उक्त सडक चार लेनको बनाउने गरी सम्झौता भएको स ड क डिभिजन कार्यालयका प्रमुख विष्टले जानकारी दिनुभयो। यसअघि ठेकेदारको लापरबाहीका कारण ठेक्का रद्ध भएपछि विसं २०८१ साउनदेखि नयाँ ठेक्का प्रक्रिया सुरु गरिएको थियो।

तत्कालीन अवस्थामा अर्थ मन्त्रालयको स्रोत सहमति तथा राष्ट्रिय योजना आयोगको निर्णयानुसार रु तीन करोड ९९ लाख ४९ हजारको बहुवर्षीय ठेक्का गर्ने सहमति भएको थियो। सोही अनुसार मदनभण्डारी राजमार्ग निर्देशनालयबाट लागत अनुमान भएर गत फागुन १ गते बोलपत्र आह्वान भएको थियो। उक्त सडकबीचमा पर्ने सेवार खोला, हापुर खोला, ग्वारखोला र कालाखोलामा चार लेनको पुल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको सडक डिभिजन कार्यालयले जनाएको छ।

यसैबिच सडक डिभिजन कार्यालयले घोराही-तुलसीपुर सडकखण्ड निर्माण भइरहेकाले सुरक्षित तरिकाले सवारीसाधन सञ्चालन गर्नका लागि सबै सवारी चालकलाई एक सूचना जारी गरी अनुरोध गरेको छ।

---

### सामाजिक...

समाजमा जुन प्रकाराको अराजकता, एक प्रकारको असहिष्णुता पछिल्लो समय अझ भन्ने हो भने देश, राष्ट्रप्रतिको लगाव नै कमजोर भएर जाने, आफ्ना सांस्कृतिक मूल्य, मान्यताहरुप्रति नै अनास्था र अविश्वास प्रकट गर्ने जुन प्रकारको प्रवृत्ति देखापरेको छ, त्यो प्रवृत्तिलाई सुधार गर्ने एउटा सशक्त माध्यम सामाजिक सुरक्षा कार्यक्रम हुनसक्छ।'-उनले भने। एशियाली समाज सामाजिक र पारिवारिक सम्बन्धमा आधारित भए पनि क्रमशः सूचना र प्रविधिको तिव्रताका कारण विघटनतर्फ गइरहेको उनको भनाइ छ।

'एशियाली समाज सामाजिक सम्बन्धमा आधारित समाज हो। पारिवारिक सम्बन्धमा आधारित समाज हो । क्रमशः सूचना प्रविधिको विकाससँगै पारिवारिक, सामाजिक सम्बन्ध, मूल्यहरु विघटनको प्रक्रियामा तिब्रताका साथ अघि बढिरहेका छन्,' पोखरेलले भने-'भविष्यप्रतिको असुरक्षाको भावनाले धेरै हदसम्म काम गरेको छ । भविष्यप्रतिको सुरक्षाबोध नागरिकमा पैदा गर्ने हो भने अहिले जुन प्रकारको सोसल इनार्किजमको तहमा समाज प्रवेश गरेको छ, त्यसलाई फेरि हाम्रै सामाजिक मूल्य, सांस्कृतिक मान्यतातर्फ फर्काउनसक्छौं।'

### महरालाई...

मूल अभियोग र पहिलो पुरक अभियोगको समेत प्रमाणहरुको विश्लेषण गरी फैसला भइसकेको, बयान तथा प्रमाणले समेत उनलाई तत्काल थुनामा राख्न पर्ने कुनै कारण नदेखिएको उल्लेख उच्चले गरेको छ।

यसअघि २९ असोजमा काठमाडौं जिल्ला अदालतले गरेको आदेश उल्टाउँदै उनलाई २० लाख धरौटीमा छाड्न अदालतले आदेश दिएको छ। प्रमाणका साथै उनको स्वास्थ्य, उमेर जस्ता विषयलाई पनि आधार मान्दै धरौटीमा छाड्न अदालतले आदेश दिएको हो। उनलाई गत असोज २६ गते सीआइबीले पक्राउ गरेको थियो।

### भीरकोटको...

२०५५ सालसम्मै प्रचलन कायमै रहेको शिक्षक सार्कीले सुनाए। लामो खडेरीको समयमा देउपूजे ढुङ्गामा पूजाआजा गरेपछि वर्षा हुने भएपछि ढुङ्गालाई रहस्यमय मानिंदै आएको छ।

औसत २५ मिटर गोलाई र १५ मिटर उचाइको अजंगको ढुङ्गा डाँडामा अवस्थित छ। पारिलो डाँडामा भए पनि पत्थर मुनिको भागमा बाह्रै महिना चिसो पानी पाइन्छ। वर्षायाममा भने यो ढुङ्गाबाट मूल फुट्ने गरेको स्थानीय किसान केसीले बताए। बयरघारीबाट करिब १० किलोमिटरको पक्की र कच्ची सडकको यात्रापछि पुगिने ठाउँ एकदमै रमणीय छ। त्यहाँबाट भीरकोटका सुन्दर फाँटहरू, नागबेली परेर बगेको आँधीखोला देख्न सकिन्छ।

भतेरपाटा पुग्ने पर्यटकको सुविधाका लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गरेर प्रतीक्षालय, आरामदायी बेञ्च र शुद्ध खानेपानीको व्यवस्थापन गरेको छ। समुन्द्र सतहदेखि एक हजार ५ सय मिटरको उचाईमा रहेको स्थान वनभोज, पदयात्रा र दृश्यावलोकनका लागि आन्तरिक तथा स्थानीय पर्यटकहरूको रोजाइमा पर्ने गरेको केसीले जनाए।

भीरकोट नगरपालिकाले देउपुजे ढुङ्गालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न पछिल्लो तीन वर्षदेखि वर्षेनी बजेट विनियोजन गर्दै आएको छ। नगरपालिकाकै पहलमा आवश्यक संरचना बन्दै गएको छ भने आन्तरिक र बाह्य पर्यटक बढाउन थप संरचना बनाउनु आवश्यक रहेको नगरपालिकाका योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताए।

# फेदीखोलामा ट्रस ब्रिजसँगै झोलुङ्गे पुल निर्माण



स्याङ्जा । स्याङ्जाको फेदीखोलामा ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण गरिएको छ। फेदीखोला गाउँपालिका वडा नं.-२ को लामाचौरमा लामाचौर-स्थानचौर जोड्ने ट्रस ब्रिज र लामाचौर-चनौटे गाउँ जोड्ने गरी सेतीखोलामा झोलुङ्गे पुल निर्माण गरिएको हो।

संघीय सरकारको क्षेत्रगत भोलुङ्गे पुल कार्यक्रमअन्तर्गत गाउँपालिकाको साझेदारीमा पुल निर्माण गरिएको हो। ३२ मिटर लम्बाईको ट्रस ब्रिल ३३ लाख ४८ हजार २०५ रुपैयाँको लागतमा निर्माण गरिएको छ भने ९० मिटर लम्बाई रहेको झोलुङ्गे पुल ७५ लाख ४३ हजार १७० रुपैयाँको लागतमा निर्माण भएको गाउँपालिकाले जनाएको छ।

संघीय सरकारको ८५ प्रतिशत, गाउँपालिकाको १३ प्रतिशत र उपभोक्ताको दुई प्रतिशत लागत साझेदारीसँगै स्थानीयको श्रमदानमा पुल निर्माण गरिएको छ। अन्धाअन्धी सामुदायिक सेवा केन्द्र स्याङ्जाको सामाजिक र प्रविधिक सहयोग तथा समन्वयमा पुल निर्माण भएको सेवा केन्द्रका कार्यालय प्रमुख एकनारायण सापकोटले जानकारी दिए।

लामाचौरमा ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण भएपछि स्थानचौरतर्फ एक हजार १६ र चनौटे गाउँतर्फ ७७० स्थानीयहरु प्रत्यक्ष लाभान्वित हुने भएका छन्। वर्षातको समयमा लामाचौरबाट स्थानचौर र चनौटे गाउँ जाउआउमा ठूलो समस्या भोग्दै आएका स्थानीय पुल बनेपछि खुसी भएका छन्।

मानिस आउजाउमा मात्रै समस्या नभएर पुल बनेसँगै स्थानीय उत्पादन समेत ओसारपसारमा सहज बनेको गाउँपालिकाले जनाएको छ।

आर्थिक वर्ष २०८०/०८१ बाट बन्न थालेको झोलुङ्गे पुल झण्डै तीन वर्षको अन्तरालमा निर्माण सम्पन्न भएको गाउँपालिकाले जनाएको छ। नवनिर्मित पुलको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष घनश्याम पौडेलले स्थानीय तहबाटै सानादेखि ठूला विकास परियोजनाहरु सञ्चालन हुँदा स्थानीयले रोजगारीसँगै सरल तबरबाट सुविधा उपभोग गर्न पाएको बताए। फेदीखोलाको लामाचौर, स्थानचौर र चनौट गाउँका अधिकांश स्थानीय कृषिजन्य उत्पादनमा केन्द्रित हुँदै आएका छन्। सेतीखोलाको पुल संचालनमा आएसँगै गाउँमा उत्पादित मौसमी बेमौसमी तरकारी, फलफूल र मासुजन्य उत्पादनको बजारीकरणमा स्थानीयको सहज पहुँच पुगेको गाउँपालिकाले जनाएको छ।

पुलहरूको नियमित अनुगमन र मर्मतका लागि गाउँपालिकाले समिति गठन गरेको छ। लामाचौर-स्थानचौरमा स्थानीय गंगाप्रसाद गौतमको संयोजकत्वमा पाँच सदस्यीय समिति र लामाचौर-चनौटे पुलको हेरचाह गर्न इमानसिंह गोदारको संयोजकत्वमा सात सदस्यीय समिति बनाइएको छ। समितिले पुलको संरक्षण, आवश्यक मर्मत सम्भारको समन्वय गर्नेछ।

---

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कार्यालय, परासी

नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)

मितिः- २०८२/०८/११

**श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने**

## सार्वजनिक सूचना ।

झविलाल भट्टराई तथा रन कुमारी भट्टराईको नातिनीहरू, राम प्रसाद भट्टराईको छोरीहरू जिल्ला नवलपरासी (ब.सु.प.), बर्दघाट नगरपालिका, वार्ड नं. ४ बस्ने नितु भट्टराई- १ र सिम्रन भट्टराई- १ समेत जना १२ (दुई) ले कमलापतिको छोरा-बुहारी, झविलाल भट्टराईको पत्नी जिल्ला रुपन्देही, साविक बुटवल नगरपालिका वार्ड नं. ८ हाल बुटवल उपमहानगरपालिका, वार्ड नं. ७ बस्ने हाम्रो हजुरआमा नाता पर्ने रन कुमारी भट्टराईको नाउँमा जिल्ला नवलपरासी, साविक गा.वि.स. माकर, वार्ड नं. ४/घ मा कि.नं. ६४९ को ज.वि. ०-०-६.७५ जग्गा रहेकोमा निज जग्गाधनी रन कुमारी भट्टराईको मिति २०७९/०८/१८ गते तथा निजको सबभन्दा नजिकको हकवाला पति एवम् हाम्रा हजुरबुवा झविलाल भट्टराईको मिति २०६८/१०/२२ मा आ-आफ्नै कालगतिबाट मृत्यु भएको तथा निज जग्गाधनीको हकवाला सन्तानमध्ये छोराहरू राम प्रसाद भट्टराई-१, गुनाखर भट्टराई-१ र कृष्ण प्रसाद भट्टराई-१ समेत जना ३ रहेकोमा छोराहरू माहिँला गुनाखर भट्टराई र कान्छा कृष्ण प्रसाद भट्टराईले आफ्ना बाबु झविलाल भट्टराईबाट आ-आफ्नो अंशभाग बुझिलिई छुट्टी भिन्न भई बसेको र जग्गाधनी हजुरआमा रन कुमारी भट्टराई जेठो छोरा एवम् हाम्रा बाबु राम प्रसाद भट्टराईको संरक्षकत्वमा बसिरहेकोमा हाम्रा बाबु एवम् निज जग्गाधनीको जेठो छोरा राम प्रसाद भट्टराईको मिति २०८१/०४/२६ गते र निजको पत्नी तथा जग्गाधनीको जेठी बुहारी छविकला भट्टराईको पनि मिति २०५९/०९/२७ गते मृत्यु भएको हुँदा निज स्वर्गीय हजुरआमाको नाउँको उक्त जग्गाको हकवालामा निजको जेठो छोरा राम प्रसाद भट्टराई पट्टिको कुनै हकवाला छोराहरूको जायजन्म नभएको र जायजन्म हकवालाहरूमा तीन छोरीहरू जेठी निशा भट्टराई, माहिँली नितु भट्टराई र कान्छी सिम्रन भट्टराई रहेकोमा जेठी निशाको विवाह भइसकेको हुँदा निज हजुरआमालाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, स्याहारसुसार गर्ने तथा मृत्युपछिको काजकिरिया गरी ऋणधन व्यहोर्ने काम गर्ने जग्गाधनीको जेठो छोरा राम प्रसाद भट्टराईका हामी अविवाहित छोरीहरू माहिँली म नितु भट्टराई र कान्छी म सिम्रन भट्टराई समेत २ जना मात्र भएको हुँदा उक्त जग्गा हामी दुई दिदी-बहिनीको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा दिएको माग दाबी निवेदन सम्बन्धमा निवेदिकाहरू नितु भट्टराई- १ र सिम्रन भट्टराई-१ समेत २ (दुई) जना बाहेक मृतक जग्गाधनी रन कुमारी भट्टराईको अन्य छोराछोरी, बुहारी लगायत अन्य कोही नजिकका हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

---

## रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सूचना

प्रकाशन मितिः२०८२/०८/१२

यस कार्यालयवाट मिति २०८२/०५/११ गते देहायको ठेक्काको लागि प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको परीक्षण गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज बमोजिम तपसिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Project Name: Upgrading of Chaptola– Tunikhola -Thumka and Urleni -Seltakura-Basari-Domai Roadway, Resunga Municipality-2,8 and 12
Contract ID: ORM- NCB-GUL-W-06-082/83

| S.N. | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation |
|---|---|
| 1 | Puspanjali Dreams / fourteen Star J.V., Gulmi |
| 2 | Pradip Construction, Butwal 13 |
| 3 | NEWLIZA/SIDDABABA JV |
| 4 | R. K. ConstructionService, Madhyapur Thimi-9,Bhaktapur |
| 5 | STAR BINDABASINI MOODLY JV, Resunga-4,Gulmi |

Place: Office of Resunga Municipality, Gulmi
Date: 2082/08/19 (5th Dec., 2025), Time: 11:00 AM

प्रमुख प्रशासकीय अधिकृत

---

# BinayiTribeni Rural Municipality

## Office of The Rural Municipal Executive

**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**
**Est: 2073**

## Invitation For Online Bids

**First Date of publication: 2082/08/12(28th, Nov, 2025)**

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 20/BTRM/ NCB/Works/ 2082-083 | Binayi tribeni-6 narayani gandaki ma vi parisar ma purbadhar staronnati karya, Gajendra moksha dham ma jyestha nagarik nirmanadhin adhuro Dharmashala nirman | 6,110,388.81 | 215000.00 | 3000.00 | 2082/09/13(28th, Dec, 2025) Before 12:00 | 90 Days | 2082/09/04 (19th, Dec 2025) at 1:00 PM | 2082/09/13(28th, Dec, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



दाङको मङलेरी गाउँ र पहेँलपुर तोरीखेती

दाङको घोराही उप-महानगरपालिका-१३ स्थित तोरीको फूलले पहेँलपुर देखिएको मङलेरी गाउँ र आसपासको भू-भाग। हिउँदे बालीको रूपमा हुने तोरी खेतीका लागि दाङ प्रख्यात मानिन्छ। तस्विर ः कुलदीप न्यौपाने / रासस

# रक्तदान गर्नेलाई तिलोत्तमा महोत्सवभरि निःशुल्क प्रवेश

बुटवल। रुपन्देहीको तिलोत्तमास्थित मणिग्राममा हुन लागेको ८औं तिलोत्तमा राष्ट्रिय औद्योगिक कृषि, पर्यटन तथा व्यापार महोत्सव २०८२ को तयारी तीब्र पारिएको छ। यही मसिंर १५ गतेदेखि पुस १ गतेसम्म चल्ने महोत्सवको तयारी तीब्र पारिएको मेला मूल आयोजक समितिका संयोजक तथा आयोजक संस्था तिलोत्तमा उद्योग व्यापार संगठनका अध्यक्ष प्रेम जीएमले जानकारी दिए।

महोत्सवमा दर्शकलाई आकर्षित गर्न पहिलेकाभन्दा भिन्न संरचनाहरु निर्माण गरिएको जीएमले बताए। उनका अनुसार महोत्सवको आकर्षणको रुपमा लण्डन ब्रिज, जलपरी, कश्मिर भ्याली, आइफिल टावर, बालउद्यानलगायतका संरचना निर्माण गरिने छ। यी संरचना बनाउने काम जारी रहेको जनाइएको छ।

महोत्सवको उद्घाटनका दिन महोत्सव स्थलमा आयोजना गरिएको रक्तदान कार्यक्रममा सहभागी हुने सबैलाई महोत्सव अवधिभर निःशुल्क प्रवेश दिइने व्यवस्था गरिएको आयोजक संस्थाका युवराज पुराजुलीले बताए।

महोत्सवमा २ सय स्टलहरु सहभागी गराइने स्टल दर्ता उप-समिति संयोजक विवस थापाले बताए। त्यस्तै महोत्सवमा २० वटा स्तरीय होटलका स्टलहरु रहने होटल अनुगमन तथा खाद्यान्न व्यवस्थापन संयोजक तथा संगठनका उपाध्यक्ष भूपति न्यौपानेले उल्लेख गरे।

महोत्सवमा आधुनिक प्रविधिबाट गरिने कृषि, पर्यटन, गार्मेन्ट, महिलाका उद्यमीका उत्पादनलगायत सामग्री समेटिएका स्टलहरु सहभागी गराइने महिला उद्यम उप-समिति संयोजक अचर्ना केसीले बताइन्।

त्यस्तै महोत्सवमा विभिन्न खेल प्रतियोगिता, नृत्य प्रतियोगिता तथा स्थानीय तथा राष्ट्रिय तहमा ख्यातीप्राप्त कलाकारबाट मनोरञ्जन प्रादान गरिने साँस्कृतिक कार्यक्रम संयोजक युवराज पराजुलीले जानकारी दिए। टिकटबाट उठेको रकमबाट केही प्रतिशत बालआश्रमहरुलाई सहयोग रकम उपलब्ध गराइने आर्थिक संयोजक सञ्जु थापाको भनाइ छ।






# तानसेनमा पाँचौं यमरी महोत्सव हुने



पाल्पा। तानसेनको टक्सारमा यही मंसिर १३ गते शनिबार पाँचौं यमरी महोत्सव तथा फुड फेस्टिवल हुने भएको छ। नेवारी कला संस्कृति बचाउन, युवा पुस्तामा नेवारी खाना तथा परिकारको बारेमा जानकारी गराउन, टक्सारटोललाई नेवारी कला संस्कृतिको रुपमा चिनाउन, तानसेनमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राउने मुख्य उद्देश्य साथ यमरी महोत्सवको आयोजना गरिएको आयोजक मैत्री क्लब टक्सारकी अध्यक्ष पञ्च शाक्यले जानकारी दिइन्।

नेवारी चाल चलन परम्पराअनुसार मंसिर पूर्णिमामाको दिन नयाँ धान भित्राएपछि घरभित्र धानको भकारी बनाउने, धानको भकारीलाई विधिवत रुपमा गशेण, शिवलगायतका भगवानको स्वरुप बनाएर पूजा आजा गर्ने र नयाँ धानको यमरी बनाएर खाने र खुवाउने चलन रहेकोले नेवारी कला संस्कृति बचाउन यमरी महोत्सवको आयोजना गरिएको महोत्सवका प्रचार संयोजक एवं क्लबका पूर्व अध्यक्ष रिलनमान महर्जनले बताए।

यमरी नेवारी समुदायले मात्र बनाउने र बढी मात्रामा खाने प्रचलन रहेको छ। य भनेको नेवारी भाषामा मनपर्ने मरी भनेको रोटी अर्थात् मन पर्ने रोटीको रुपमा नेवारी समुदायमा लिने गरिन्छ। यमरी चाकु, गुड, खुवा र तिललाई चामलको पिठोभित्र राखेर पकाइन्छ र तातो खाने गरिन्छ।

तानसेनको टक्सार टोलमा यमरी महोत्सवमा २५ वटा स्टलहरु रहने, दिउँसो १२ बजेदेखि साँझ ८ बजेसम्म फुड फेस्टिवल सञ्चालन हुने पूर्व अध्यक्ष एव आर्थिक विभाग संयोजक तुम्ला बज्राचार्यले बताइन्।

यमरी महोत्सवलाई सफल बनाउन ८ वटा विभिन्न विभागहरु गठन गरी परिचालन गरिएको आयोजक पक्षले पत्रकार सम्मेलनमा जानकारी गराएको छ।

महोत्सवमा तानसेन नगरपालिका वडा नं. ३ ले आर्थिक रुपमा सहयोग गरेको छ।

नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले नेवारी कला संस्कृति बचाउन, पुस्ता हस्तान्तरण गर्न, ऐतिहासिक टक्सारटोलको प्रचारप्रसार गर्न महोत्सवले ठुलो सहयोग पुग्ने बताए।

पाल्पाली मिडियाहरुले यमरी महोत्सवको प्रचारप्रसारमा साथ दिने अध्यक्ष तिमिल्सेनाले जोड दिए। क्लबका अध्यक्ष पञ्च शाक्यको सभापतित्वमा भएको कार्यक्रम प्रचार विभाग प्रमुख रिलनमान महर्जनको स्वागत र सचिव सुशिला शाक्यको सञ्चालनमा भएको थियो।

# तुलसीपुरमा मौरीका चाका बनाउने उद्योग स्थापना

दाङ। दाङको तुलसीपुर उप-महानगरपालिका-१२ हरिपौरीका अशोककुमार शर्माले कुनै समय मौरीकालागि बाहिरी देशबाट चाका ल्याउनुपर्थ्यो। कहिल्यै भारतबाट त कहिल्यै चीनबाट चाका ल्याएर मौरी पालन गर्नुपर्ने अवस्था थियो। तर, अहिले मौरीका चाका तयार गरेर आफूले पनि प्रयोग गर्ने गरेको र बाहिरी जिल्लामा पनि निर्यात गर्दै आएका छन्। "पहिले बाहिरबाट ल्याउथैं", उनले भने-" तर अहिले आफैं चाका उत्पादन गरेर निर्यात गर्दै आएको छु।"

उनले दाङसहित रुकुम पश्चिम, सल्यान, रोल्पा, प्यूठान, बाँकेलगायतका जिल्लामा निर्यात गर्ने गरेको बताए। शर्माले सञ्चालन गरेको आचार्य माहुरी कृषि तथा पशुपंक्षी फर्ममा ५० प्रतिशत अनुदानमा मेसिन ल्याएपछि यसरी चाका बनाउन थालेका हुन्। आर्थिक वर्ष २०८१/०८२ मा मेसिन ल्याएर चाका उत्पादन सुरु गरिएको हो। गएको वर्ष मात्रै १० क्वीन्टल आधार चाका उत्पादन भएको उनले बताए। यस वर्ष १५ क्वीन्टल जति उत्पादन गर्ने लक्ष्य रहेको शर्माले जनाए। चाकालाई एक हजार रुपैयाँ किलोका दरले बिक्री हुने गरेको छ।

स्थानीय स्रोत साधनलाई प्रयोग गरेर चाका बनाउने गरिएको छ। "हामीले भारत, चीनबाट ल्याउँदा रसायन भएको हुन्थ्यो", उनले भने-"तर हामीले उत्पादन गरेका चाकामा त्यस्तो समस्या छैन, मौरीले पनि धेरै मन पराउँछन्।"

चाकाबाटै गएको वर्ष पाँच लाख आम्दानी गरेको उनले बताए। प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (मौरी सुपरजोन) परियोजनाले ५० प्रतिशत अनुदानमा उक्त मेसिन उपलब्ध गराएको हो।

**मौरी पालनबाट आम्दानी**

उनले मौरी पालन पनि गर्दै आएका छन्। २०६२ सालदेखि मौरी पालन गर्दै आएका उनले वार्षिक १५ क्वीन्टलसम्म मह उत्पादन गर्ने गरेको बताए। जसमा खुद आम्दानी वार्षिक पाँच लाखसम्म हुने गरेको छ। उनले मेलिफेरा जातको मौरी पालन गर्दै आएका छन्। ५० घार मौरी पालन गर्ने गरेको शर्माको भनाइ छ। उत्पादन गरेको मह दाङसहित विभिन्नि जिल्लामा निर्यातसमेत हुने गरेको छ।

## Lumbini Province Government

Ministry of Urban Development and Water Supply

**Urban Development and Building Office**

Tansen, Palpa

### INVITATION FOR BIDS

**First Date of Publication: 2082/08/12 B.S.**

Urban Development and Building Office, Palpa invites E-bids for the construction Works (Contract ID: UDBOP-NCB-082/83-22 to UDBOP-NCB-082/83-29) each bid document fee is NRs3000 under NCB Procedures. All other information and Bid document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents.

Office Chief

## LOCAL MUNICIPALITY

## RAMGRAM MUNICIPALITY

## OFFICE OF MUNICIPAL EXECUTIVE

RAMGRAM, NAWALPARASI

Lumbini Province , Nepal

### Invitation for Bids–(E-bidding only)

**Date of publication28thNov, 2025A.D**

- RamgramMunicipalityOffice of Municipal Executive, Ramgram, Nawalparasi invitesE-bidding only from eligible and qualified bidders for the Procurementof the following Projects.

| Contract no | Name of Project | Estimated Amount (includingVAT and PS) Nrs. | Bid Security Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| RAM/EB/ 082/083/ Goods/04 | Purchase of Tipper as per attached specification | 75,00,000.00 | 1,87,500/- | NCB |

- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.toobtain further information and inspect the bidding documents .
- RamgramMunicipality,Office of Municipal Executive reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

## Tinau Rural Municipality

**Office of the Rural Municipal Executive**

Dobhan, Palpa

### Notice of Re-Invitation & Inviation for Online Bids

First PublicationDate: 2082/08/12(November, 28 2025)

1. Tinau Rural Municipality Dobhan, Palpa invite selectronic Bid from Nepalese eligible Bidder/Suppliers for following items listed in Table below.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No: 075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before12:00 hrs. on14 Poush 2082B.S. (December, 29 2025 A.D.) and Bid Opening will be held on same day at 13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.
4. Pre-bid meetingfor NCB shall be held at Tinau Rural Municipality Dobhan-02, Palpa at 12:00 hrs on 04 Poush 2082 B.S. (December, 19 2025 A.D)and for Re-bid shall be held on 19 Mangsir 2082 (December, 05 2025)

| Contract Number | Description of Works | Estimated Amount (Inclusive of VAT & PS) | Bid Security Amount NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/NCB/ WORK/12/ 2082-083 | Construction of Mashyam HSS Hostel. | 59,50,980.40/- | 175,000/- | 3,000/- | Online E-Bid (NCB) |
| TRM/NCB/ WORK/13/ 2082-083 | Construction of Community Building Tinau-05. | 40,76,734.38/- | 110,000/- | 3,000/- | Online E-Bid (NCB) |
| TRM/NCB/ WORK/RE05/ 2082-083 | Construction of Koldanda Magar Museum and Koldanda Community Building. | 2,941,297.18/- | 75,000/- | 3,000/- | Online E-Bid (NCB |

5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Laxmi Sunrise Bank Limited.

Name of Office: Office of Tinau Rural Municipality

Office Code no. : 40-365-13 Rajasho Shirsak Num :- 14229040.

Office Account No: 08103000028 (For Bid Fee), Office Account No.:08103000185 (For Bid Security)

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com